नेपाल सरकार
ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग

# बुढीगंगा जलविद्युत् आयोजना

ठेगाना : कालिकास्थान
काठमाडौं
फोन : ४४२३२०६
फ्याक्स : ४४२३२०७

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०७३/०७/२४

## सूचना ।

यस बुढीगंगा जलविद्युत आयोजनाको लागि आ.व. २०७३/७४ मा आवश्यक पर्ने वस्तु वा सेवा खरिद तथा मर्मत कार्य प्रयोजन सम्बन्धि मौजुदा सूचीमा आबद्ध हुन मिति २०७३/३/१६ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा १५ दिन म्याद भएको सूचना प्रकाशित भै सो सूचना अनुसार १५ औं दिनको कार्यालय समय भित्र माग अनुसारको कागजपत्र संलग्न राखी दर्ता दाखिला हुन आएका इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुको नामावली मौजुदा सूचीमा समावेश गरिएको र उक्त सूचनामा सवारी साधन खरिद, Software निर्माण तथा खरिद लगायतका शीर्षक छुटेको हुनाले मौजुदा सूची अध्यावधिक गर्नको निमित्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ र मिति २०७३/०७/२३ को निर्णय अनुसार पुनः मौजुदा सूची (Standing List) दर्ताको लागि सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र रु १० को टिकट टाँसी नवीकरण सहितको फर्म दर्ता प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाण पत्र तथा आ.व. २०७१/७२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई कार्यालय समय भित्र आवश्यक कागजात संलग्न गरि मौजुदा सूचीमा दर्ता हुन यो सूचना प्रकाशन गरिएको छ र यो सूचना यस कार्यालयको Website तथा सूचना पाटीमा टाँस गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

........................
इ. मुकेश गौतम
खरिद अधिकारी